# नेपाल गजेट
## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १० ] काठमाडौं, फागुन ८ गते २०१७ साल [ अतिरिक्ताङ्क २५

श्री ५ को सरकार

### गृह तथा स्वायत्त शासन मन्त्रालयको सूचना

राष्ट्र सेवकहरूको ( भ्रष्टाचार निवारण ) ऐन, २०१३ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको सूचना निकालेको छ ।

राष्ट्र सेवकहरूको (भ्रष्टाचार निवारण) ऐन, २०१३ को परिच्छेद २ अन्तर्गतको केश तहकीकात गरी खडा भएको मिसिल नेपाल कानूनको रीत पुऱ्याई विशेष पुलिस विभागमा पठाइदिने गरी जिल्ला जिल्लामा गएको विशेष अधिकार सम्पन्न जिल्ला बोर्डाह्मा खटिएको प्रत्येक अध्यक्ष र बाँकी तीन अधिकारीलाई श्री ५ को सरकारले विशेष पुलिस अफिसरको अधिकार प्रयोग गर्ने गरी तोकेको छ ।

आज्ञाले–
छेत्रविक्रम राणा,
श्री ५ को सरकारको सचिव,
गृह तथा स्वायत्त शासन मन्त्रालय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह तथा स्वायत्त शासन मन्त्रालयको सूचना

निजामती सेवा नियमावली २०१३ को अनुसूची १ को नम्बर ३२ बमोजिम श्री ५ को सरकारले नेपाल अधिराज्यका विभिन्न जिल्जामा गएको विशेष अधिकार सम्पन्न दौडाहको प्रत्येक अध्यक्षलाई आफ्ना साथका र आफ्ना अन्चल भित्रका नन्‌गजेटेड कर्मचारीका सम्बन्धमा दौडाहको अवधिभरको निमित्त सोही नियमावलीको अनुसूची १ मा समावेश गरेको छ।

आज्ञाले–
छेत्रविक्रम राणा,
श्री ५ को सरकारको सचिव,
गृह तथा स्वायत्त शासन मन्त्रालय,

श्री ५ को सरकार

## गृह तथा स्वायत शासन मन्त्रालयको सूचना

नेपाल सार्वजनिक सुरक्षा ऐन, २००७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश निकालेको छ।

नेपाल सार्वजनिक सुरक्षा ऐन, २००७ को दफा२,५ (ख) ८ र ६ ले श्री ५ को सरकारलाई दिएको अधिकार नेपाल अधिराज्यका विभिन्न जिल्लामा गएको विशेष अधिकार सम्पन्न प्रत्येक दौडाहका अध्यक्षले दौडाहको अवधीभर आफ्नो अंचल भित्र प्रयोग गर्न सक्न छन्।

आज्ञाले–
छेत्रविक्रम राणा,
श्री ५ को सरकारको सचिव,
गृह तथा स्वायत्त शासन मन्त्रालय,

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
## गृह तथा स्वायत्त शासन मन्त्रालयको विज्ञप्ति

नेपाल विशेष अदालत एन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय बमोजिमको आदेश निकालेको छ ।

श्री ५ को सरकारको निर्णयानुसार नेपाल अधिराज्यको विभिन्न भागमा खटिएका दौडाहाको अध्यक्षको अध्यक्षतामा प्रत्येक दौडाहाको प्रथम दुइ अधिकारी सदस्य भएको जिल्ला अदालत स्तरको चौदह विशेष अदालतहरू गठन गरिएका छन् ।

उक्त प्रत्येक विशेष अदालतलाई सुविधा अनुसारको स्थानमा इजलास कायम गर्ने गरी देहायका प्रकारका मुद्दाहरू सोही ऐनको दफा ३ अनुसार देहाय बमोजिम सौंपिएका छन् ।

(क) ठालू, जाली, फटाहा, शोषक र यस्तै खराब चलनका कसैले धेरै जनतालाई विजाइ विद्युत गरेको वा जोसुकैले पनि बाल वृद्ध जनाता गरीब निर्धालाई अन्याय गरे भन्ने उजूर पर्न आएका वा सरकारी हानी नोक्सानी भए गरेको उजूरी पर्न आएका वा जाँचबाट त्यस्तो हानी नोक्सानी भए गरेको देखिन आएका मुद्दामा-मिला हेरी किनारा गर्ने ।

(ख) खंड (क) मा लेखिए बाहेक अरू मुद्दा मामिलाको सम्बन्धमा ठाडै कराउन आएमा वा निवेदनपत्र दिएमा नेपाल काननले मिलापत्र हुन सक्ने मुद्दामा सम्बन्धित पक्षले मिल्न मन्जूर गरेमा मिलापत्रसम्म गराउने ।

आज्ञाले–
छेत्रविक्रम राणा,
श्री ५ को सरकारको सचिव,
गृह तथा स्वायत्त शासन मन्त्रालय,

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ८ गते २०१७ साल

### श्री ५ को सरकार

### गृह तथा स्वायत्त शासन मन्त्रालयको विज्ञप्ति

नेपाल अधिराज्यको प्रशासन तथा न्याय प्रशासनलाई कम खर्चिलो निस्पक्ष, जांगरिलो र छरितो बनाउने, विकास कार्यलाई अघि बढाउन, जिल्ला जिल्लामा पन्चायत गठन गर्न अत्याचारी, जाली फटाहा शोषक र यस्तै खराब चाल चलनका व्यक्तिहरू माथि कारवाही गरी सजाय दिई बाल, बृद्ध, जनाना गरीवहरू माथि परेको पीर मर्का हटाई र श्री ५ को सरकार र जनताको नजिकैको सम्बन्ध कायम होस् भन्ना खातिर श्री ५ को सरकारले यही २०१७ साल फाल्गुन ८ गतेदेखि करीब तीन महीनाको लागि विशेष अधिकारसम्पन्न दौडाहा जिल्ला जिल्लामा पठाउने निर्णय गरेको छ।

यस दौडाहालाई वस्तुस्थिति बोध गराई आफ्नो काम गर्नमा मद्दत दिएमा निकट भविष्यमा श्री ५ को सरकार र जनताको सम्बन्ध झन् नजिक हुन गै देशको सर्वतोन्मुखी विकास गर्ने काममा श्री ५ को सरकारलाई निकै सजिलो हुने र समस्त देशवासीको कल्याण हुने हुँदा आफ्ना आफ्ना क्षेत्रमा आएका दौडाहालाई हर प्रकारले सहयोग र सुविधा दिन श्री ५ को सरकारले सम्बन्धित सबैलाई निर्देश तथा अपील गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिभिन्न अन्चलमा खटिएका दौडा हा डोर तथा तिनका अध्यक्ष तथा सदस्यको नामाबली देहाय बमोजिम छः—

## १. महाकाली अञ्चल (कञ्चनपुर, डडेलधुरा, बैतड़ी)

| | |
|---|---|
| श्रीकान्त शर्मा | अध्यक्ष |
| श्रीसुरवीर | सदस्य |
| मेजर श्रीजगतबहादुर खड्का | सदस्य |
| इंन्स्पेक्टर श्रीअगमबहादुर | सदस्य |

## २. खण्तड डोटी, अञ्चल (डोटी, कैलाली)

| | |
|---|---|
| श्रीभरतमणि – | अध्यक्ष |
| श्रीध्रुबबर सिंह थापा | सदस्य |
| ले. श्रीसचित शमशेर राणा | सदस्य |
| इन्स्पेक्टर श्रीबलराम | सदस्य |

## ३ उत्तर कर्णाली अञ्चल (जुमला)

| | |
|---|---|
| श्रीशेरबहादुर शाही | अध्यक्ष |
| श्रीअम्बिकाप्रसाद | सदस्य |
| ले. श्रीकेशरबहादुर गडतौला | सदस्य |
| इन्स्पेक्टर श्रीबलबहादुर (एन. ए. सी.) | सदस्य |

## ४. दक्षिण कर्णाली अञ्चल (दैलेख, बांके, बर्दिया, जाजर्कोट, सल्यान,)

| | |
|---|---|
| श्रीचन्द्रिकाप्रसाद लोहनी | अध्यक्ष |
| श्रीजगन्नाथ उपाध्याय | सदस्य |
| मे. श्रीभक्तबहादुर गुरूं | सदस्य |
| इन्स्पेक्टर श्रीहरिप्रसाद | सदस्य |

## ५. भेरी अञ्चल (दाङ्ग, सल्यान, प्यूठान)

| | |
|---|---|
| श्रीकीर्तिनिधी बिष्ट | अध्यक्ष |
| श्रीकृष्णप्रसाद गौतम | सदस्य |
| क. प. श्रीउपेन्द्रबहादुर थापा | सदस्य |
| इन्स्पेक्टर श्रीउदयबहादुर | सदस्य |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ६. कपिलवस्तु अञ्चल, (तौलिहवा, पाल्पा, गुल्मी, पाल्ही माझखण्ड,)

| | |
|---|---|
| श्रीशंकरप्रसाद नेपाल | अध्यक्ष |
| श्रीचतुर्भुजलाल | सदस्य |
| मे. श्रीमोहनप्रताप शाह | सदस्य |
| ड ी. एस्. पी. श्रीतुलाधर थापा | सदस्व |

## ७. धौलागिरी अञ्चल (बागलुङ्ग)

| | |
|---|---|
| ले. क. श्रीलीलाबहादुर रायमाझी | अध्यक्ष |
| श्रीमोहनप्रसाद | सदस |
| मेजर श्रीहेमबहादुर बस्नेत | सदस्य |
| इन्स्पेक्टर श्रीधीरजंग घले | सदस्य |

## ८. गण्डकी अञ्चल (पश्चिम २, ३ र ४ नंबर)

| | |
|---|---|
| श्रीनगेन्द्रप्रसाद रिजाल | अध्यक्ष |
| श्रीप्रचण्डराज | सदस्य |
| टेम्परारी मे. श्रीभोजेन्द्रबहादुर खाड् | सदस्य |
| इन्स्पेक्टर श्रीगोविन्दसिंह प्रधान | सदस्य |

## ९. नारायणी अञ्चल (चिसापानी, चितवन, बारा, पर्सा, रौतहट),

| | |
|---|---|
| श्रीपूर्णसिंह | अध्यक्ष |
| श्रीशोभाकर उपाध्याय | सदस्य |
| ले. श्रीमदनकृष्ण खरेल | सदस्य |
| इन्स्पेक्टर श्रीबटुकप्रसाद | सदस्य |

## १०. वागमती अञ्चल (प. १ नं. पू. १ नं. काठमाडौं, पाटन, भादगाउं)

| | |
|---|---|
| श्रीमनमोहन मिश्र | अध्यक्ष |
| श्रीइन्द्रदत्त | सदस्य |
| मे. श्रीपूर्णबहादुर गुरुंग | सदस्य |
| इन्स्पेक्टर श्रीगणेशरा | सदस्य |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ११ जनकपुर अञ्चल (महोत्तरी, सर्लाही, पू २ नं. सिंधुली)

| | |
|---|---|
| श्रीपशुपति घोष | अध्यक्ष |
| श्रीकेशवनाथ | सदस्य |
| मे. श्रीशेरविक्रम राणा | सदस्य |
| डि. एस्. पी. श्रीदुर्लभकुमार थापा | सदस्य |

## १२ सगरमाथा अञ्चल (सप्तरी, पू. ३ नं. पू ४ नं. उदयपुर)

| | |
|---|---|
| श्रीजीवराज शर्मा | अध्यक्ष |
| श्रीताराप्रसाद खरेल | सदस्य |
| क. प. श्रीनरबहादुर खत्री | सदस्य |
| इन्स्पेक्टर श्रीहोमबहादुर देउजा | सदस्य |

## १३. कोशी अञ्चल (धनकुटा, मोरङ्ग)

| | |
|---|---|
| श्रीचन्द्रविक्रम शाह | अध्यक्ष |
| श्रीशंकरध्वज जोशी | सदस्य |
| क. प. श्रीशिवबहादुर थापा | सदस्य |
| डी. एस्. पी. श्रीकृष्णबहादुर गुरुंग | सदस्य |

## १४ मेची अञ्चल, (झापा, इलाम, ताप्लेजुङ् पांचथर)

| | |
|---|---|
| श्रीउद्दीप सिंहथापा | अध्यक्ष |
| श्रीशमशेर राज | सदस्य |
| ले. श्रीनरबहादुर गुरुंग | सदस्य |
| इन्स्पेक्टर श्रीलम्बबहादुर | सदस्य |

आज्ञाले—
छत्र विक्रम राणा,
श्री ५ को सरकारका सचिव,
गृह तथा स्वायत्त शासन मन्त्रालयम,

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार